नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

संघीय मामिला शाखा

पत्र सङ्ख्याः २०७४।०७५

चलानी नम्वरः 936

फोन नं. ४२११८९५

मितिः २०७४/११/०९

श्री महाशाखा (सबै), संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

श्री स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, ललितपुर ।

श्री केन्द्रिय पञ्जिकरण विभाग, बबरमहल, काठमाण्डौ ।

श्री जिल्ला समन्वय समिति (सबै) ।

श्री गाउँपालिका (स्बै) ।

श्री नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका (सबै) ।

विषयः- प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ (नमूना) उपलब्ध गराईएको बारे ।

प्रस्तुत विषय, गाउँपालिका तथा नगरपालिकाको लागि उपयोगी हुने प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को नमूना तयार गरी यस मन्त्रालयको वेभ साईट मार्फत उपलब्ध गराइएको व्यहोरा जानकारी लागि अनुरोध गर्दछु ।

बोधार्थः श्री सूचना तथा विद्युतीय शासन शाखाः मन्त्रालयको Website मा Upload गरीदिनुहुन।

२०७४/११/०९

(दुर्गा दाहाल)

शाखा अधिकृत

*नमूना*

**.......गाउँपालिका/नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४**

**प्रमाणीकरण मिति :** २०७४/...

**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०७४/....

## २०७४ सालको ऐन नं. ....

**प्रस्तावना:**नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम .......... गाउँपालिका/नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**(१) यो ऐनको नाम ....... गाउँपालिका/नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन ..... गाउँपालिका/नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले ..... गाउँपालिका/नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले ..... गाउँ कार्यपालिका/नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका”भन्नाले ..... गाउँपालिका सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले ..... नगरपालिकासम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका/नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य

जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त ……….. गाउँकार्यपालिका/नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही …….. गाउँ/नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ।